## प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ र नरेलुङ्ग एकल महिला समूह, फालेलुङ्ग पाँचथर बीच भएको

## सम्झौता-पत्र

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय,प्रदेश नं.१, विराटनगर (यसपछि मन्त्रालय भनिएको) र नरेलुङ्ग एकल महिला समूह, (यस पछि समूह भनिएको) बीच तपशिलका शर्तहरुको अधिनमा रही पाँचथर जिल्लाको फालेलुङ्ग गाउँपालिकामा व्यवसायिक वंगुर तथा बाख्रा व्यवसाय संचालन गर्न मन्जुर भई यो सम्झौता गरी एक एक प्रति एक आपसमा बुझिलियौं, दियौं ।

**शर्तहरु :**

१. एकल महिला उद्यमशिलता विकास कार्यक्रम संचालन मार्गदर्शन, २०७६ को दफा ७ बमोजिम सम्बन्धित स्थानीय तहले छनौट गरेका २५ जना तालिम प्राप्त एकल महिलाहरुले फालेलुङ्ग गाउँपालिकामा दर्ता भई उक्त समूहले तोकिएको स्थानीय तह अन्तर्गतको कार्यक्षेत्रमा व्यवसाय संचालन गर्नु पर्नेछ ।

२. सम्झौता बमोजिमको व्यवसाय संचालन गर्न मन्त्रालयले रु १०,००,०००। (अक्षरेपी दसलाख मात्र) रकम उपलब्ध गराउनेछ । जुन रकम समूहको खातामा मार्गदर्शन २०७६ को दफा ११ बमोजिम त्रिपक्षिय रुपमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

३. एकल महिला उद्यमशिलता विकास कार्यक्रम संचालन मार्गदर्शन, २०७६ बमोजिम समुहले पेश गरेको व्यवसायिक योजना बमोजिमको क्रियाकलाप तथा खर्चको विवरण अनुसार खर्च गर्ने व्यवस्था गर्नुपर्नेछ ।

४. यो व्यवसाय प्रत्यक्ष रुपमा फालेलुङ्ग गाउँपालिकाको अनुगमनमा सञ्चालन हुनेछ ।

५. व्यवसाय सञ्चालन गर्नका लागि सामूहिक वा आवश्यकता अनुसार एकल वा उपसमुह बनाई सञ्चालन गर्ने सम्वन्धमा स्थानीय तहसँग समन्वय गरी समूहको निर्णयानुसार गर्नुपर्नेछ । समुहको निर्णयको प्रतिलिपी मन्त्रालय तथा स्थानीय तहमा पठाउनुपर्नेछ ।

६. समूहले उद्यम/व्यवसाय सञ्चालन गर्न एकल महिला उद्यमशिलता विकास कार्यक्रम संचालन मार्गदर्शन, २०७६ बमोजिम मन्त्रालय, सम्बन्धित स्थानीय तह र समूह स्वयंबाट त्रिपक्षिय रुपमा समूहको खातामा जम्मा भएको न्यूनतम रकम रु २० लाखको कोषबाट उद्यम/व्यवसायसँग सम्वन्धित घरभाडा, जग्गाभाडामा ६ महिना सम्म सतप्रतिशत खर्च गरी त्यसपछि आफ्नो आम्दानीवाट घरभाडा/जग्गाभाडा वापदको खर्च व्यहोर्नुपर्नेछ ।

७. फालेलुङ्ग गाउँपालिकाले गाउँपालिकामा रहेका सबै एकल महिलाहरुमा यो कार्यक्रम विस्तार गर्ने उद्धेश्य रहेको हुँदा फालेलुङ्ग गाउँपालिकाले अर्को एकल महिलाको नयाँ समुह गठन गर्नेछ । मन्त्रालय एवं फालेलुङ्ग गाउँपालिकावाट अनुदान प्राप्त रकम रु १५ लाखबाट नरेलुङ्ग एकल महिला समूहले तेस्रो वर्षमा फालेलुङ्ग गाउँपालिकाले नयाँ गठन गरेको एकल महिला समूहलाई मन्त्रालयवाट प्राप्त भएको अनुदानको ५०% (रु ५

लाख) र फालेलुङ्ग गाउँपालिकाबाट प्राप्त भएको अनुदानको ५०% ( रु. २ लाख ५० हजार) बिउपूँजी रकम नयाँ समूहको कोष स्थापनाका लागि नयाँ एकल महिला समुह उपलव्ध गराउनुपर्नेछ । बाँकी रहेको दुवै पक्षको ५० % रकम (रु ७ लाख ५० हजार) र एकल महिला समुहको लागत सहभागिता रकम नरेलुङ्ग एकल महिला समूहमा व्यवसाय निरन्तरताका लागि रहनेछ ।

८. उद्यमी/व्यवसायी समूहका सदस्यहरुले प्रतिमहिना प्रतिव्यक्ति रु १००। व्यवसायसँग सम्वन्धित भैपरी आउने खर्च तथा मर्मत सम्भारका लागि जम्मा गर्नुपर्नेछ ।

९. समूहले उद्यम/व्यवसायबाट आर्जन गरेको नाफाको १० प्रतिशत रकम समुहकै हितकोषमा जम्मा गर्नुपर्नेछ । हितकोष परिचालनको कार्यविधि निर्माण गरी सोही बमोजिम प्रयोग गर्नुपर्नेछ । जसको जानकारी मन्त्रालय र फालेलुङ्ग गाउँपालिकालाई दिनुपर्नेछ ।

१०. एकल महिला समुहले सञ्चालन गरेको उद्यम व्यवसायलाई मन्त्रालय र फालेलुङ्ग गाउँपालिकाबाट नियमित तथा निरन्तर अनुगमन गरिनेछ । अनुगमनका क्रममा समूहले सम्झौता बमोजिम व्यवसाय संचालन नगरेको पाइएमा व्यवसाय रद्ध गर्न सक्नेछ । मनासिव बमोजिमको कारण बाहेक भएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. यस कार्यक्रम अन्तरगत आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सम्पूर्ण आर्थिक कारोवारको लेखा परीक्षण गरि सो को प्रतिवेदन समूहले मन्त्रालय तथा फालेलुङ्ग गाउँपालिकालाई उपलव्ध गराउनुपर्नेछ ।

१२. संचालित व्यवसायको सम्वन्धमा कुनै बाधा ब्यबधान देखिएमा मन्त्रालय, फालेलुङ्ग गाउँपालिका र नरेलुङ्ग एकल महिला समुह बीचको आपसी सहमतीमा समाधान गरिनेछ ।

१३. यो सम्झौताको अवधि दुबै पक्षले सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिबाट प्रारम्भ भई कायम रहनेछ ।

१४. यो सम्झौतामा लेखिएका कुरा यसै बमोजिम तथा एकल महिला उद्यमशिलता बिकास कार्यक्रम संचालन मार्गदर्शन, २०७६ र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. यो कार्यक्रम सञ्चालन गर्नका लागि हामी दुवै पक्ष सहमत छौं र यस सम्झौतामा लेखिएका सर्तहरूको पालना दुवैपक्षबाट जिम्मेवारीपूर्वक गर्नेछौं ।

१६. अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**समूहको तर्फबाटः**
**नामःइन्द्र कुमारी साँवा**
**पदः अध्यक्ष**
**दस्तखतः**
**मितिः २०७६।०५।०१**

रोहवर
हिमा अधिकारी
उपाध्यक्ष
दस्तखत

कार्यालयको तर्फबाटः
नामःमौसम ढुङ्गेल
पदःप्रमुख प्रशासकिय अधिकृत
दस्तखतः
०७६।०५।०१

मितिः २०७६।०५।०१